मिति २०८३ वैशाख १७ गतेको ७३ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ३ : विभिन्न मन्त्रालय/कार्यालयको पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : असाधारण बिदा स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७: ढुङ्गा, गिटी, बालुवाको बिक्री राजस्व बाडाफाँट सम्बन्धमा ।

प्रस्ताव नं. ८ : नदीजन्य पदार्थ उत्खनन् अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : कर संकलकलाई थप पारिश्रमिक उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १० : विज्ञापन कर संकलनका लागि विज्ञापन सामग्रीको न्यूनतम दर र मापदण्ड (वर्ग फिट) निर्धारण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : भूमि प्रशासन सम्बन्धी सेवा संचालन सम्बन्धमा ।

प्रस्ताव नं. १२ : सार्वजनिक जग्गा संरक्षण एवं जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं. १३ : फट्केश्वर-छापभञ्ज्याङ्ग सडक खण्ड सुचारु गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : सार्वजनिक स्थानमा निर्माण भएको संरचना सम्बन्धमा ।

प्रस्ताव नं. १५ : औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : कार्यक्रम संचालन रकम उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १८ : उपभोक्ता समिति मार्फत योजना कार्यान्वय गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १९ : काउले दोभान फट्टे पुलको निर्माण सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

<u>निर्णयहरु</u>

**<u>निर्णय नं. ७३.१</u>** : नगर कार्यपालिकाको मिति २०८२/१२/१८ गतेको ७२ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७३.२</u>** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ६१.८० प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ५७.८९ प्रतिशत र पूँजीगत तर्फ २२.२३ प्रतिशत गरी समग्रमा ४०.५२ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**<u>निर्णय नं. ७३.३</u>** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत अन्य विभिन्न मन्त्रालय एव कार्यालयबाट प्राप्त भएका तपसिल बमोजिमका पत्रहरुको सम्बन्धमा यस बैठकमा छलफल भई सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

<u>तपसिल</u>

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ स्थानीय तह समन्वय शाखाको च.नं. ३६१ मिति २०८३/०१/०२ को पत्रबाट गृह मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ५.१/१८७ मिति २०८२/१२/२७ को पत्रानुसार बाँदर नियन्त्रण तथा सो सम्बन्धी जनचेतनामुलक कार्यक्रम सचालन गर्ने विषयमा समन्वय तथा सहजीकरणका लागि लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा कार्यपालिकामा जानकारी गराइयो ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ स्थानीय तह समन्वय शाखाको, च.नं. ३४९ मिति २०८२/१२/२४ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु अन्तर्गत बुँदा नं. ५ मा भएको विषय कार्यान्वयनको गर्न आगामी आ.व. २०८३/०८४ मा आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुहुन र बुँदा नं. ९२ को विषयमा नगरपालिका भित्रका सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाउनको लागि लेखि आएको हुँदा उक्त विषय यस कार्यपालिका बैठकमा जानकारी गराइयो । साथै, उक्त कार्यसूचीको बुँदा नं. ५ र ९२ को कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ वातावरण तथा विपद् समन्वय शाखाको च.नं. १२५ मिति २०८३/०१/०८ को पत्रबाट प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०८२ का सम्बन्धमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको ऐ. निर्देशिकाको दफा ११ सहितका दफाहरु कार्यान्वयनका लागि लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी गराइयो।

- जिल्ला प्रशासन कार्यालयको च.नं. २४०९ मिति २०८३/०१/०४ को पत्रबाट नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणनाको स्थलगत तथ्याङ्क संकलनको कार्य मिति २०८३ वैशाख २ गते देखि असार ७ गतेसम्म संचालन हुने भएकोमा तथ्याङ्क संकलन कार्यमा सहयोग तथा सहजीकरण एवं राष्ट्रिय आर्थिक गणना संचालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ मा भएको व्यवस्था बमोजिमका समितिहरुलाई सक्रिय गराई गणना कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्न लेखि आएको हुँदा उक्त विषयका सम्बन्धमा यस कार्यपालिका बैठकमा सम्बन्धित गणकहरुबाट कार्यपालिकाका सदस्यहरुलाई अभिमुखीकरण गर्नुको साथै उक्त कार्यमा आवश्यक सहयोग र समन्वयका लागि सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/ स्थानीय तह समन्वय शाखाको च.न. ३९५ मिति २०८३/०१/११ को पत्रबाट निर्माण सामग्रीको उपलब्धतामा समन्वय गर्ने सम्बन्धमा लेखि आएको हुँदा उक्त पत्रको विषयका सन्दर्भमा कार्यपालका बैठकमा जानकारी गराइयो।

- पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकको च.नं. ११०५ मिति २०८३/०१/१४ को पत्रबाट बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडाबाट स्वीकृत बजेट तर्जुमाका लागि वार्षिक आयोजना प्रस्ताव तथा छनौट सम्बन्धी निर्देशिका, २०८३ बमोजिम आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रममा प्रस्ताव गरिने आयोजना छनौटका लागि यस स्थानीय तहले आफ्नो श्रोतबाट कार्यान्वयन गर्न नसक्ने प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्ने सडक, सडक पुल तथा झोलुङ्गे पुल (१२० मिटर भन्दा लामो "LSTB") सम्बन्धी आयोजनाहरु प्रस्ताव गर्न सोही निर्देशिकाको अनुसूची-३ (प्रदेशस्तरीय आयोजना प्रस्ताव फारमको ढाँचा) को ढाँचा बमोजिम २०८३ साल वैशाख २१ गतेसम्म आयोजना प्रस्ताव गर्नको लागि लेखि आएको। त्यसैगरी, सहरी विकास तथा भवन कार्यालय, काभ्रेपलान्चोकको च.न. ७३४ मिति २०८३/०१/१४ को पत्रबाट समेत माथि उल्लिखित निर्देशिका बमोजिम आवास, भवन र सहरी विकास सम्बन्धी आयोजनाहरु प्रस्ताव गरी पठाउनको लागि लेखि आएको हुँदा मेलम्ची नगरपालिका क्षेत्र भित्रका वडाहरुमा माथि उल्लिखित क्षेत्राधिकार भित्रका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्नका लागि सबै वडा कार्यालयहरुलाई जानकारी गराइयो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ७३.४** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७३.५** : मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची नगर अस्पतालमा सिनियर अ.हे.ब. पदमा कार्यरत मनोज कुमार यादव (क.स.नं. २३०७१) ले व्यक्तिगत कारण देखाई मिति २०८३/०४/०१ देखि मिति २०८४ असार मसान्तसम्म १ (एक) वर्षका लागि आसाधारण बिदा स्वीकृतिको लागि मिति २०८२/१२/६ मा मेलम्ची नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेको हुँदा बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६० उपदफा (१) मा भएको कानूनी व्यवस्था बमोजिम हुने गरी निजको असाधारण बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७३.६** : मेलम्ची नगरपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्ने देहायका गैर सरकारी संस्थाहरुबाट कार्यक्रम संचालन स्वीकृतिका लागि निवेदन पेश भएको हुँदा मेलम्ची नगरपालिकासंग प्रत्यक्ष समन्वय गरी कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | गैर सरकारी संस्थाको विवरण | संचालन हुने परियोजना/कार्यक्रम | कार्यक्रम अवधि | कार्यक्रम संचालन हुने वडा |
|---|---|---|---|---|
| १ | वीवीपी परिवार, काठमाडौं महानगरपालिका वडा नं. ३२, काठमाडौं । | महिलाहरुको सहभागितामा खाद्य सुरक्षा आय तथा पोषण स्थितिमा सुधार परियोजना | सन् २०२६ मार्च देखि सन् २०२७ मार्च सम्म । | मेलम्ची न.पा. वडा नं. ९ |
| २ | हिमालय होप फाउण्डेशन, ललितपुर महानगरपालिका वडा नं. ५, ललितपुर । | शैक्षिक क्षेत्रमा पिछडिएका बालबालिकाहरुलाई अतिरिक्त कक्षा संचालन | शैक्षिक वर्ष २०८३ | मेलम्ची न.पा. वडा नं. ९ |
| ३ | हाम्रो पालो, काठमाडौं महानगरपालिका वडा नं. २, काठमाडौं । | Girls Agency and Leadership for Gender Equility परियोजना | १ मे सन् २०२६ देखि ३० अप्रिल सन् २०२९ सम्म । | मेलम्ची नगरपालिका क्षेत्र । |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ७३.७ : महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौंको च.नं. १०६ मिति २०८३/०१/१० को पत्रबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा ५ उपदफा २ मा पालिकाहरुले संकलन गरी विभाज्य कोषमा जम्मा गरेको राजस्व रकम हरेक महिना बाँडफाँट गरी सम्बन्धित प्रदेशहरुको प्रदेश सञ्चित कोषमा जम्मा गर्ने कानूनी व्यवस्था बमोजिम मासिक रुपमा बाँडफाँट नभएको अवस्था देखिएकोले कानून अनुसार विभाज्य कोषमा जम्मा भएको राजस्व रकम बाँडफाँट गर्नहुन भनि अनुरोध भई आएको छ।

मिति २०८२/०९/३० गतेको नगर सभाबाट मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट क्षति भएका भौतिक संरचना एवं खेतीयोग्य जग्गा जमिनहरुको पुनर्निर्माण कार्य अझै बाँकी रहेको, बाढीग्रस्त क्षेत्रको पुनर्निर्माण कार्यको लागि संघीय सरकार र प्रदेश सरकारबाट प्रयाप्त रकम विनियोजन नभएको हुँदा नदीजन्य पदार्थको बिक्री बापतको रकम प्रदेश सरकारलाई नपठाउने भनि निर्णय भएको हुँदा प्रदेश सरकारलाई पठाउनुपर्ने उक्त रकम उपलब्ध नगराइएकोमा हाल बागतमी प्रदेश सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडाफाटबाट प्राप्त हुने रकम प्राप्त हुन नसकेको हुँदा यस नगरपालिकाको ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री बापत प्राप्त भएको राजस्व रकममध्ये प्रदेश सञ्चित कोषमा रु. २ करोड राजस्व रकम जम्मा गर्ने निर्णय गरियो।

निर्णय नं. ७३.८ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति पाउँ भनि मेलम्ची नगरपालिका वडा नं. १३ स्थित गंगा ईन्द्रावती क्रसर उद्योग प्रा.लि र मेलम्ची नगरपालिका वडा नं. १३ स्थित गौरा निर्माण सेवा प्रा.लि.ले मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको कानूनी व्यवस्था बमोजिम व्यवसाय कर दाखिला गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र (५) मा भएको कानूनी व्यवस्था बमोजिम उल्लिखित क्रसर उद्योग र निर्माण व्यवसायीलाई नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ७३.९ : मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबाट उत्खनन् एवं संकलन हुने ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री कार्य मार्फत आन्तरिक राजस्व संकलनका लागि यस कार्यालयबाट पटक पटक बोलपत्र आव्हान गर्दा समेत ठेक्का लाग्न नसकेको सन्दर्भमा मिति २०८२/०४/०४ गते देखि मेलम्ची नगरपालिका क्षेत्र भित्रका सिपाघाट, छापभञ्ज्याङ्ग, बाहुनेपाटी, सिन्धुखोला र मेलम्ची काउण्टरमा नगरपालिकाका कर्मचारीहरु खटाई राजस्व संकलनको कार्य हुँदै आएकोमा कर

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

संकलनमा खटिएका कर्मचारीको अभावमा कार्यालयको दैनिक प्रशासनिक सेवा प्रवाहमा समस्या उत्पन्न भएकोले नगरपालिकाबाट कर संकलन प्रयोजनका लागि दैनिक ज्यालादारीको रुपमा कार्य गर्ने गरी १० (दश) जना कर संकलक छनौट गरी कर संकलन कार्यमा खटाइएको र निजहरु राजस्व संकलन कार्यमा चौबिसै घण्टा खटिनुपर्ने अवस्थाको कारण उक्त कार्यमा खटिने कर्मचारीहरुलाई तोकिएको पारिश्रमिकको अतिरिक्त खाजा खर्च बापत सार्वजनिक बिदाको दिन प्रति व्यक्ति प्रति दिन रु. ६००।– र कार्यालय सुचारु भएको दिन प्रति व्यक्ति प्रति दिन रु. ३००।– का दरले आर्थिक प्रशासन शाखाको राय बमोजिम कर्मचारी पारिश्रमिक शिर्षकबाट खर्च हुने गरी थप पारिश्रमिक एवं सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं. ७३.१०</u> : मेलम्ची नगरपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ५ को उपदफा (२) मा कुनै वस्तु तथा सेवा प्रदायकले आफूले प्रदान गर्ने वस्तु तथा सेवाको थोक र खुद्रा मूल्य खुल्ने गरी राखिएको मूल्यसूची र नगरपालिकाले तोके बमोजिमको आकारका व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीलाई विज्ञापन गरेको मानिनेछैन भन्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिका क्षेत्र भित्र विभिन्न संघ/संस्था, व्यवसाय एवं अन्य विज्ञापनकर्ताहरुले २४ वर्ग फिटसम्मको विज्ञापन सामग्री प्रयोग गरेमा सोको प्रति विज्ञापन सामग्री न्यूनत रु. १००।– (एक सय रुपैयाँ मात्र) र २४ वर्ग फिट भन्दा बढीको विज्ञापन सामग्री प्रयोग गरेमा आर्थिक ऐनमा भएको व्यवस्था बमोजिमको राजस्व रकम संकलन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ७३.११</u> : भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८३/०१/१० मा भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी सूचना संलग्न राखी मालपोत कार्यालय, सिन्धुपाल्चोकको च.नं. २८५५ मिति २०८३/०१/११ को पत्रबाट यस कार्यालयमा जानकारीका लागि लेखि आएको र उक्त विषयका सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी गराइएको र मन्त्रालयबाट प्राप्त भएको सूचना बमोजिम मालपोत तथा नापी कार्यालयबाट प्रवाह हुँदै आएको सेवाहरु यस मेलम्ची नगरपालिकाले आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था आफैंले गर्ने गरी सेवा प्रवाह गर्न ईच्छुक रहेकोले सो सम्बन्धी पत्र यस कार्यालयको च.नं. ३२५२ मिति २०८३/०१/०१५ को पत्र सम्बन्धित मन्त्रालयमा पठाइएको हुँदा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ७३.१२ : जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको च.नं. २२७२ मिति २०८२/१२/२२ को पत्रबाट सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्ने गराउने व्यवस्थाको लागि लेखि आएको र उक्त पत्र बमोजिम मेलम्ची नगरपालिका अन्तर्गतका सबै वडा कार्यलयहरुलाई वडा भित्र कुनै सार्वजनिक/सरकारी जग्गा अतिक्रमण भए/रहेको भए सोको विवरण पठाउनको लागि पत्राचार गरिएकोमा वडा कार्यालयहरुबाट प्राप्त भएको विवरण यस कार्यपालिका बैठकमा छलफल गरियो । यस नगरपालिकाको वडा क्षेत्र भित्र सरकारी तथा सार्वजनिक जग्गाहरु अतिक्रमण गरेको वा रहेको पाइएमा सोको संरक्षणका लागि सबै वडा कार्यालयलाई निर्देशन गर्नुको साथै यस मेलम्ची नगरपालिका क्षेत्र भित्र सरकारी वा सार्वजनिक जग्गामा बनेका सरकारी संरचनाहरुको एकिन गरी उक्त संरचनामा प्रयोग भएको जग्गा प्राप्तिका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७३.१३ : मेलम्ची नगरपालिका वडा नं. १३ का स्थानीय बासिन्दाहरुबाट पेश भएको गुनासोको सम्बन्धमा कार्यपालिका बैठकमा छलफल गरि सबै कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक मार्फत ठेक्का लगाई मेलम्ची नगरपालिका वडा नं. १३ स्थित निर्माणाधिन अवस्थामा रहेको फट्केश्वर-छापभञ्ज्याङ्ग सडक निर्माणको क्रममा पूर्ण रुपमा अवरुद्ध भई मेलम्ची नगरपालिका क्षेत्र हुँदै काठमाडौंसम्म निर्माण सामग्री ढुवानी गर्ने मालबाहक साधनहरु, एम्बुलेन्स, दैनिक यातायातका साधनहरु संचालन गर्न कठिनाई भएको र यातायातका साधनहरु संचालनमा भएको अवरोधको कारणबाट व्यापक जनगुनासो प्राप्त भएको हुँदा उक्त फट्केश्वर-छापभञ्ज्याङ्ग सडक यथासिघ्र सुचारु गर्न आवश्यक समन्वय र सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक र पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७३.१४ : मेलम्ची नगरपालिका वडा नं. ११ निवासी ईन्द्रमायाँ कार्कीले, मेलम्ची नगरपालिका वडा नं. ११ स्थित असिमुरे बरको बोटमा मिति २०६१ साल देखि अस्थायी टहरो निर्माण गरी सामान्य पसल संचालन गर्दै आएकोमा दुबै पक्षको आपसी सहमतिबाट वि.सं. २०८१ साल देखि उक्त टहरो मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी बसोबास गर्ने राम पाण्डेले प्रयोग गर्दै आएको र हाल निवेदकले अस्थायी टहरो निर्माण गर्दा लागेको रकम माग्दा निज राम पाण्डेले दिन नमानेको हुँदा उक्त टहरो भत्काएर टहरोमा रहेका सामग्री प्राप्तिका लागि आवश्यक सहजीकरण गरिदिनुहुन भनि मिति २०८२/१२/१५ मा यस कार्यालयमा निवेदन पेश गरेको र उक्त निवेदनको सम्बन्धमा वडा नं. ११ का वडा अध्यक्ष सहितको रोहबरमा उक्त सार्वजनिक स्थानमा निर्माण भएको अस्थायी टहरो भत्काउदा दुबै पक्षले आ-आफ्नो स्वामित्वमा रहेको सामग्री लैजाने सहमति भएको

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

मुचुल्का संलग्न राखी ११ नं. वडा कार्यालयको च.नं. १३३६ मिति २०८२/१२/१७ को पत्रबाट राय पेश भएको हुँदा मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची खानेपानी साइट अफिस नजिकै सार्वजनिक स्थानमा निर्माण भएको अस्थायी टहरो भत्काई उक्त सार्वजनिक जग्गाको संरक्षण गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ७३.१५ : मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक रु. ५ हजार लक्षित समूहका बिरामीहरुको लागि सोधभर्ना रकम स्थानीय तहहरुलाई उपलब्ध गराउदै आएकोमा राज्य सुविधा परिचय पत्रका आधारमा मात्र उपलब्ध गराउने गरी स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ मा भएको संशोधनको कारण उक्त रकम आ.व. २०८२/०८३ मा उपलब्ध गराउन नसकिएको हुँदा उक्त विषयका सम्बन्धमा सम्बन्धित मन्त्रालयमा पटक पटक गरिएको सम्बोधनमा कुनै पनि जवाफ प्राप्त नभएको, अन्य पालिकाहरुले समेत उक्त शिर्षकमा प्राप्त भएको रकम सम्बन्धित लाभग्राही बिरामीहरुलाई उपलब्ध गराएको र आ.व. २०८२/०८३ मा संघीय सशर्त कार्यक्रम अन्तर्गत रु. ४० लाख ४० हजार निकासा प्राप्त भैसकेको हुँदा उक्त शिर्षकमा थप निकासा माग गर्ने र हाल प्राप्त भएको रकम माथि उल्लिखित विभिन्न रोगबाट पीडित बिरामीहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७३.१६ : मेलम्ची नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको च.नं. ८९२ मिति २०८३/०१/०९ को पत्रबाट सोही वडा निवासी उमेश नेपाली तथा गिता कंडेलको छोरा सक्षिम नेपाली दुबै खुट्टा अपाङ्ग भई उपचारको लागि भारत लैजानुपर्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले निजलाई आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको। त्यसैगरी, १ नं. वडा कार्यालयको च.नं. १०८४ मिति २०८३/०१/१६ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. १ स्थायी निवासी श्री कृष्ण बहादुर नेपालीको मिति २०८२/१२/१९ गते एक्कासी बिरामी भई मेडिकल कलेज, काठमाडौंमा अपरेसन गरिएको र निजको स्वास्थ्यमा सुधार हुन नसकी लामो समय ICU मा राख्नु परेको हुँदा निजलाई आर्थिक सहायता उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा माथि उल्लिखित दुबै बिरामीहरुलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी प्रति व्यक्ति रु. ५० हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ७३.१७ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा बौद्ध धर्मावलम्बीहरुको महत्वपूर्ण चाड सोनाम ल्होसारको उपलक्ष्यमा विविध सांस्कृतिक कार्यक्रम संचालनका लागि गुफाडाँडा पर्यटन प्रवर्द्धन तथा संरक्षण समितिले आर्थिक सहयोगको लागि प्रस्तावान पत्र पेश गरेको र उक्त कार्यक्रम सम्पन्न समेत भएको हुँदा उक्त कार्यक्रमका लागि विविध सांस्कृतिक कार्यक्रम बजेट शिर्षकबाट खर्च हुने गरी रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७३.१८ : मेलम्ची नगरपालिकाबाट चालु आ.व. २०८२/०८३ मा सातकन्या डबल्याङ अधुरो, मेलम्ची -९ को लागि रु. १५ लाख बजेट विनियोजन भएकोमा उक्त योजना कार्यान्वयनका लागि निर्माण सामग्रीको अभावको कारणबाट ठेक्का प्रक्रिया अगाडि बढाउन कठिनाई उत्पन्न भएको र उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्दा सांस्कृतिक सम्पदा संरक्षणका लागि जनसहभागिता समेत जुट्ने भएको हुँदा उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ७३.१९ : मेलम्ची नगरपालिका वडा नं. ३ स्थित काउले दोभान फट्टे पुलको निर्माण कार्य आ.व. २०८१/०८२ मा सम्पन्न हुन नसकी अधुरो रहेको एवं स्थानीयहरुबाट जनगुनासो समेत प्राप्त भएको सन्दर्भमा यस नगरपालिका अन्तर्गत ३ नं. वडा कार्यालयको च.नं. ६७४ मिति २०८२/१२/१० को पत्रबाट पुल निर्माणको प्रक्रिया अगाडि बढाइदिनका लागि सिफारिस भई आएको र उक्त पुल निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम रु. ८,३३,०००।– (अक्षरुपी आठ लाख तेत्तिस हजार रुपैयाँ मात्र) लागत लाग्ने भएकोले मर्मत संभार कोषबाट खर्च हुने गरी उक्त अधुरो पुल निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८३-०१-१७ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|
| नता मावि हल्दार टोल पैदल मार्ग | ३,००,००० | ३०,०७६.५५ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल र बाटो सोलिङ र ढलान कार्य भएको। |
| जेल, घलेटोल मरनघाट निर्माण | ४,००,००० | ४०,०१८.५४ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ट्रसको भवन तथा लास जलाउने ठाउँ बनाउने कार्य भएको |
| ीबाटे मुलखेत अमले सिंचाई योजना कार्य | ७,००,०००.०० | ७०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल, आ.सि.सि. कुलो र पाईप बिछ्याउने निर्माण कार्य भएको। |
| कान्ले खोल्सी कार्कीटोल सिंचाई | ८,००,०००.०० | ८०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल, आ.सि.सि. कुलो र प्लम वाल निर्माण कार्य भएको। |
| ुफाँडाँडा गैरीटोल सिडी निर्माण | ४,००,००० | ४०,०३२.९३ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल र सिडी निर्माण। |
| onstruction of Ground at sunkhani MMSI/WORKS/NCB/2081-82/32 | ४९८०८८५.११ | | ९ | प्राविधिक विल अनुसार | ठेक्का | खेलकुद मैदानका लागी जमिन कटान गरी मैदान बनाईएको र सो मैदानको छेउमा रहेको खोल्चा व्यवस्थानको लागी Catchpit निर्माण गरी humepipe साथै आ.सि.सि. Drain बनाइएको र मैदान संरक्षणको लागि ग्याविन जाली लगाइएको। |
| Uprading Works of Thapagaun Satkanya Dablyang Sadak.MMSI/WORKS/SQ/2082-83/20 | १४९९५९७.५१ | | ९ | प्राविधिक विल अनुसार | ठेक्का | ग्राभेल, ग्याविन वाल र सोलिङको कार्य भएको। |
| लाकुरीबोट-चान्खु सिडी निर्माण(राष्ट्रिय रोजगार कार्यक्रम) | ५,५०,००० | प्राविधिक विल अनुसार | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल र सिडी निर्माण। |
| बस्नेतटोल बुकुनेगैरी कृषि सडक स्तरोन्नती कार्य | १०,००,००० | १,००,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सी ढलान र मेशनरी वाल निर्माण कार्य भएको। |
| नेपालटोल सडक मर्मत | ४,००,००० | ४०,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ह्युमपाईप, क्याचपिट वाल, सोलिङ र नाली निर्माण कार्य भएको। |
| आचार्य टोल बस्ती संरक्षण | २,००,००० | २२,५४०.८५ | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण गर्ने कार्य भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पालथोक युवा क्लब भवन मर्मत संभार | २,००,०००.०० | २०,०००.०० | १३ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | Hollow Block लगाई झ्यालढोकाको चौकोस राखिएको साथै कलर जस्ताले भवन छाएको। |
| चौलागाई बस्ती संरक्षण | २,००,००० | २०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल निर्माण कार्य भएको। |
| पुलिकोट तल्लोघ्याङ काभ्रे मुल सडक स्तरोन्नती कार्य | ४,००,००० | ४०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणको लागी ग्याविन वाल निर्माण कार्य भएको। |
| बगैंचा डिल बस्ती संरक्षण | २,००,००० | २०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | बस्ती संरक्षणको लागी ग्याविन वाल निर्माण कार्य भएको। |
| वाइवाटोल बस्ती संरक्षण | २,००,००० | २०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल निर्माण कार्य भएको। |
| ढकालटोल पहिरो नियन्त्रण | ३,००,००० | ३०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पहिरो नियन्त्रणको लागी ग्याविन वाल निर्माण कार्य भएको। |
| लामाटोल पहिरो नियन्त्रण | ३,००,००० | ३०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पहिरो नियन्त्रणको लागी मेशनरी वाल निर्माण कार्य भएको। |
| पारीबगर बाँध निर्माण तथा कुलो मर्मत | ४,००,००० | ४०,०००.०० | ५ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल,मेशनरी वाल र आर.सी.सी कुलो निर्माण कार्य भएको। |
| Upgrading Works of Bhaanse Kotdanda Road MMSI/WORKS/SQ/2082-83/05 | ल.ई.रु.१४९९२९०.९ २ सम्झौता रकम ११४६६३८।०५ | | ८ | प्राविधिक विल अनुसार | ठेक्का | क्याचपिट सहित ह्युमपाईप, ग्याविन वाल, सोलिङ, मेशनरी वाल निर्माण कार्य भएको |
| विन्दवासिनी मन्दिर मर्मत | ३,००,००० | ३०,०००.०० | ८ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | अधुरो मन्दिरमा झ्यालढोका लगाई ईट्टाको वाल तथा प्लाष्टर गरी टायल, मन्दिर वरिपरी पेटि, रङरोगन सहित फिनिसिङको कार्य भएको साथै मेशनरी वाल निर्माण कार्य भएको। |
| भञ्याङ देउराली सिडी निर्माण(राष्ट्रिय रोजगार कार्यक्रम) | ४,५०,००० | प्राविधिक विल अनुसार | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल र सिडी निर्माण। |
| सुनखानी खोला गैरी खेत मोटरबाटो स्तरोन्नती | ५,००,०००.०० | ५५,५५४.०६ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल, क्याचपिट सहित ह्युमपाईप हाल्ने कार्य, नयाँ कट्टिङ गरी बाटो चौडा गर्ने कार्य भएको। |
| वालुङ्गे मोटरबाटो स्तरोन्नती | ५,००,०००.०० | ५२,९७१.५३ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल, क्याचपिट सहित ह्युमपाईप हाल्ने कार्य भएको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| nstruction Works of Okhreni Foot Trail<br>MSI/WORKS/SQ/2082-83/11 | ल.ई.रु.१४९९७३०.९<br>सम्झौता रकम<br>रु.१२१२५९०।९२ | | ४ | प्राविधिक विल अनुसार | ठेक्का | मेशनरी वाल सोलिङ पि.सि.सि गरी सिडी निर्माण कार्य भएको |
| रलथोक कुवा मर्मत | २,००,०००.०० | २०,०००.०० | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सी ट्याङ्की निर्माण पाईप बिछ्याउने कार्य भएको। |
| स्नेत टोल गोरेटोबाटो निर्माण | ३,००,०००.०० | ३०,०००.०० | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | गोरेटो बाटो निर्माण र मेशनरी वाल लगाउने कार्य। |
| ञ्चकन्या सिग्देल गाउ चापाबोट, मानेभन्ज्याङ गोरेटो बाटो र्माण (राष्ट्रिय रोजगार कार्यक्रम) | ७,००,०००.०० | | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | गोरेटो बाटो र मेशनरी वाल लगाई सिडि निर्माण कार्य। |
| ाला खन्ने र बाटो सम्माउने कार्य | ६५४३५.३७ | | ६ | प्राविधिक विल अनुसार | सोझै खरिद | नाला खन्ने र बाटो सम्माउने कार्य |
| सिन्द्धेश्वरीघाट सिडी निर्माण कार्य | ३,६०,०००.०० | ३६,०००.०० | २ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई सिडी निर्माण कार्य भएको। |
| ्याडताडटोल सामुदायिक भवन मर्मत तथा शौचालय निर्माण | ४,००,०००.०० | ४००००.०० | २ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवनमा रङ्ग रोगन तथा प्लास्टरको कार्य भएको |
| ाण्डेटोल पुरानो पधेंरा संरक्षण तथा पञ्चकन्या खानेपानी स्तरोन्नती कार्य | ९,००,०००.०० | ९००००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ईन्टेक, पाईप लाईन, ट्याङ्की धारा-१० वटा र ढुङ्गे धारा २ वटा निर्माण कार्य। |
| कान्ले खोला सेखे खेत सिँचाई कुलो | ५,००,०००.०० | ५००००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सी कुलो निर्माण कार्य भएको। |
| जलुके डाँवा कठेरी सिँडी निर्माण | ५,००,०००.०० | ५००००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल सोलिङ पि.सि.सि गरी सिडी निर्माण कार्य भएको। |
| ब्लोनटोल बस्ती संरक्षण | २,००,०००.०० | २००००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल सोलिङ पि.सि.सि कार्य भएको। |
| बलघरेटोल सिडी निर्माण (राष्ट्रिय रोजगार कार्यक्रम) | ५,५०,०००.०० | | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | गोरेटो बाटो र मेशनरी वाल लगाई सिडि निर्माण कार्य। |
| डडुवा डाडाटोल च्यानघाट निर्माण | १०,००,०००.०० | १,००,०००.०० | ११ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सी. चिहानघाट, ट्रसको पाटि, खानेपानीको पाईपलाईन र धारा निर्माण कार्य भएको। |
| भोटेचौर शहरी स्वास्थ्य केन्द्र सुदृढीकरण | १०,००,०००.०० | १,०५,८७०.४४ | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | पहिले भएको भवनमा ट्रसको भवन थपि जस्ताले छाउनुका साथै वरिपरी घेराबार गरेको। |

२०८२।१।१६